# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः १, जेठ ३१ गते, २०७९ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगर कोभिड व्यवस्थापन अस्पताल सञ्चालन कार्यविधि (दोस्रो संशोधन), २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।२।२५

व्यास नगर कोभिड व्यवस्थापन अस्पताल सञ्चालन कार्यविधि, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. **दफा ७ अस्पताल व्यवस्थापन समितिः** (१) अस्पतालको दैनिक कार्य सञ्चालन सम्बन्धमा जनशक्ति व्यवस्थापन, स्वास्थ्य सेवाको सञ्चालन, साधन उपलब्ध तथा व्यवस्थापन लगायत अस्पताल सञ्चालन सम्बन्धमा गर्नु पर्ने सम्पूर्ण कामको सञ्चालन, रेखदेख र समन्वय गर्न अस्पतालमा स्वास्थ्य सञ्चालन तथा व्यवस्थापनका लागि अस्पताल व्यवस्थापन समिति रहने छ :

(क) अध्यक्ष -स्वास्थ्य संस्था रहेको वडाको वडा अध्यक्ष

(ख) सदस्य -कार्यपालिकाले मनोनयन गरेको कार्यपालिकाको सदस्य मध्ये १ जना महिला सहित २ जना

(ख१) स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख सदस्य

(ग) सदस्य -कार्यपालिकाले मनोनयन गरेको सामाजिक संघ संस्थाको प्रतिनिधि १ जना

(घ) सदस्य -कार्यपालिकाले मनोनयन गरेका टोल विकास संस्थाका प्रतिनिधि १ जना

(ङ) सदस्य -समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट १ जना

(ङ१) सम्बन्धित क्षेत्रमा विशेष योगदान भएका मध्येबाट समितिले मनोनयन गरेको १ जना -सदस्य

(च) सदस्य सचिव - अस्पतालका प्रमुख चिकित्सक

रहेकोमा संशोधन गरी देहाय बमोजिमको व्यवस्था राखिएको छः (१) अस्पतालको दैनिक कार्य सञ्चालन सम्बन्धमा जनशक्ति व्यवस्थापन, स्वास्थ्य सेवाको सञ्चालन, साधन उपलब्ध तथा व्यवस्थापन लगायत अस्पताल सञ्चालन सम्बन्धमा गर्नु पर्ने सम्पूर्ण कामको सञ्चालन, रेखदेख र समन्वय गर्न अस्पतालमा स्वास्थ्य सञ्चालन तथा व्यवस्थापनका लागि अस्पताल व्यवस्थापन समिति रहने छ :

(क) दफा ५ बमोजिमको निर्देशक समितले मनोनयन गरेको सम्बन्धित वडाको विशेष योगदान दिन सक्ने व्यक्ति -अध्यक्ष
(ख) व्यास नगरपालिका नगर कार्यपालिकाले मनोनयन गरेको नगर सभाका सदस्य मध्येबाट १ जना महिला सहित २ जना -सदस्य
(ग) व्यास नगरपालिकाको स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख -सदस्य
(घ) समितिले मनोनयन गरेको स्थानीय टोल विकास संस्था प्रतिनिधि, स्वास्थ्य स्वयंसेवक र विशेष योगदान दिन सक्ने व्यक्ति मध्येबाट २ जना -सदस्य
(ङ) अस्पतालका प्रमुख चिकित्सक -सदस्य सचिव

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत